# प्रेश विज्ञप्ती

माननीय अर्थमन्त्री श्री शंकरप्रसाद कोईरालाले आज अर्थमन्त्रालय, अन्तर्राष्ट्रिय सहयोग समन्वय महाशाखाबाट तयार पारिएको विकास सहायता प्रतिवेदन २०११-१२ को मन्त्रालयमा आयोजित एक समारोह बीच सार्वजनिक गर्नुभयो ।

प्रस्तुत विकास सहायता प्रतिवेदनमा नेपालमा बैदेशिक सहायताको स्वरुप, सहायता रकमको प्रयोग र सहायता प्रभावकारिताका विविध पक्षलाई समेटिएको छ ।

यो प्रतिवेदन बैदेशिक सहायतालाई पारदर्शि तुल्याई सहायता रकमको प्रयोगमा जवाफदेहिता अभिबृद्धि गर्ने र विकासको परिणामलाई जनता सामु पुऱ्याउने उद्देश्यले प्रकाशनमा ल्याइएको हो ।

सो अवसरमा अर्थमन्त्री कोईरालाले बैदेशिक सहायतालाई मुलुकको अधिकतम हितमा प्रयोग गर्न नेपालले विगत केही वर्ष यता सहायता प्रभावकारिता सम्बन्धमा गर्दै आएको प्रयास स्वरुप सहायतालाई अझ पारदर्शी बनाउदै लैजाने क्रममा विकास सहायता प्रतिवेदनले सघाउ पुऱ्याउने उल्लेख गर्दै प्रस्तुत प्रकाशनलाई संभव तुल्याउन योगदान गर्ने सवै दातृ समुदाय लगायत मन्त्रालयका कर्मचारीहरुलाई धन्यवाद दिनु भयो ।

सोहि अवसरमा आफ्नो मन्तव्य व्यक्त गर्दै अर्थ मन्त्रालयका सचिव श्री शान्तराज सुवेदीले यो प्रतिवेदन सेवाग्राही मात्र नभएर बैदेशिक सहायता परिचालनको क्षेत्रमा खोज तथा अध्ययन गर्न चाहने सवैलाई उपयोगी हुने अपेक्षा गर्नुभयो ।

कार्यक्रममा अर्थ मन्त्रालय, अन्तर्राष्ट्रिय सहयोग समन्वय महाशाखाका सहसचिव श्री मधुकुमार मरासिनिले प्रतिवेदनको विविध पक्षबारे प्रकाश पार्नु भएको थियो ।

**बैशाख ३, २०७०**
**अर्थ मन्त्रालय**
**सिंहदरवार ।**